<u>**गोर्खाज फाइनान्सको वार्षिक साधारण सभा सम्पन्न**</u>

गोखार्ज फाइनान्स लिमिटेडको २७ औं वार्षिक साधारण सभा शुक्रबार काठमाडौंमा सम्पन्न भएको छ। साधारण सभाले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण पारित गर्नुका साथै आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक समेत नियुक्त गरेको छ। त्यसैगरी रिक्त रहेको सञ्चालक पदमा नियुक्त भएका सञ्चालकहरुको अनुमोदन गर्नुका साथै स्वतन्त्र सञ्चालक नियुक्ति सम्बन्धी जानकारी समेत वार्षिक साधारण सभामा दिइएको थियो।

हाल २६ शाखा र १ एक्स्टेन्सन काउण्टर सहित सातै प्रदेशमा शाखा सञ्जाल रहेको वित्तीय संस्थाले आगामी दिनमा निक्षेप तथा कर्जामा नविनतम योजनाहरु ल्याउने र व्यापार व्यवसायको दायरा फराकिलो बनाउने उद्देश्यको साथ कार्य गरिरहेको जानकारी वित्तीय संस्था प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कुमार घिमिरेले दिनु भएको छ।

